# चोटपटक लागेका कामदारहरु तथा अन्य कामदारहरुमा हुने विभिन्न रोगहरुको क्षतिपूर्तिका लागि रोजगारदाता तथा कामदारहरुका निमित्त महत्वपूर्ण सूचनाहरु

## कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम

कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम, हङकङ कानुनको दफा २८२ अनुसार फुल-टाइम र पार्टटाइमका कामदारहरुको कामको सिलसिलामा हुने चोटपटक तथा दुर्घटना बाट हुने मृतकका आफन्ताहरुले दर्खास्त गर्न पाउनेछन् ।

## काममा घाईते

- यदि कुनै कामदारलाई कुनै चोटपटक लागेको छ अथवा कामको सिलसिलामा कुनै दुर्घटना बाट उसको मृत्यू भएको छ भने कामदारको क्षतिपूर्ति नियम अनुसार रोजगारदाताले बेहोर्नु पर्दछ ।
- कुनै कामदारलाई चोटपटक लाग्ने बित्तिकै रोजगारदातालाई खबर गर्नुपर्छ ।
- कुनै रोजगारदाताले कामदातहरु दुर्घटनामा परेको खबर १४ दिन भित्र सम्म श्रम विभागलाई दिनुपर्दछ (७ दिन अनुसन्धान वा सोधखोज गरिन्छ) ।
- कुनै कामदार जो काममा घाइते भएको छ या चोटपटक लागेको छ भने अथवा कुनै रोग लागेको छ भने कामदार क्षतिपूर्ति संस्थामा भन्नुपर्दछ जसले क्षतिपूर्ति प्रदान गर्न र बचाउन सहयोग गर्दछ ।

## क्षतिपूर्ति भुक्तानी

**१. घाइते कामदारको बिरामी खर्चः** घाइते भएको अवधिदेखि विरामी विदाको समयमा पनि कामदारलाई रोजगारदाताले साधारणतय कामदारको महिनाको तलवको ४, ५ किस्ता तिर्नुपर्दछ । भुक्तानी साधारणतया भुक्तानी समयमा नै गर्नुपर्दछ ।

**२. एकमुष्ठ क्षतिपूर्तिः** यदि कुनै कामदार जीन्दगी भरि नै असक्षम हुने गरि घाइते भएको छ भने त्यस्तो अबस्थामा उसले क्षतोपूर्ति पाउँदछ जसमा उसको कामदारको उमेर, उसको महिना भरिको तलब र उसको कमाउने आम्दानीलाई समेत हिसाब गरेर दिइन्छ (कामदार क्षतिपूर्ति भुक्तानी ऐन कर केन्द्र) । रोजगारदाताले श्रम विभागले स्विकृत गरे बमोजिम २१ दिन भित्र एकमुष्ठ रकम घाइते कामदारलाई भुक्तानी गर्नुपर्दछ ।

**३. औषधी खर्चः** पर्याप्त मात्रामा घाइते कामदारलाई निशुःल्क रुपमा औषधी उपचार नहुदासम्म तथा घाइतलाई निको नहुंदा सम्म रोजगारदाताले औषधी उपचारको लागि कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम अन्तर्गत दैनिक अधिकतम दरको अधिनमा । श्रम विभाग वेबसाइटमा दर पनि उपलब्ध छ (www.labour.gov.hk/eng/legislat/content1.htm) ।

## बीमा अनिवार्य

रोजगारदाताले कामदारहरुको क्षतिपूर्तिको लागि बिमा गराउन अनिवार्य छ तिनीहरुको कामदारहरुको उपचारका लागि साधरणतया घाइते कामदारको क्षतिपूर्ति (संस्थाको नियम कानून) अनुसार सबै घाइतेहरुको हेरचाह गर्नु रोजगारदाताको उत्तरदायित्व हुन्छ ।

(Nepali Version)

## यदि रोजगारदाताले कामदारको घट्ना बारेमा नभनेमा, कुनै बीमा नगरेमा वा क्षतिपूर्ति नतिरेमा

घाइते कामदारले तुरुन्त श्रम विभागमा सूचना गर्नुपर्दछ ।

## क्षतिपूर्तिका लागि अदालतद्वारा निर्धारित

- कामदार क्षतिपूर्तिमा श्रमको लागि दलालको कुनै दावि गर्न, वादविवाद गर्न र निर्णय गर्ने अधिकार हुदैन । यदि रोजगारदाता र कामदारको कुरा मिलेन भने र श्रम विभागले पनि कुनै सहयोग गर्न सकेन भने त्यस मुद्दालाई मिलाउने काम उच्च अदालद्वारा हुन्छ ।
- घाइते कामदारले आफ्नो क्षतिपूर्तिका लागि दुर्घटना भएको २४ महिना भित्र एउटा निवेदन सहित दावि गर्न पाउनेछन् । यसरी कामदारले आफ्नो दुर्घटना भएको दिन देखि म्याद १८ महिना भन्दा बढि छैन भने सहयोगको लागि जतिसक्दो छिटो सम्बन्धीत श्रम विभागमा सम्पर्क राख्नपर्दछ ।

## व्यावसाय बचावट

एउटा कामदारले आफू घाइते भइसकेपछि श्रम विभागबाट उचित कागजातहरु नबनेसम्म आफ्नो कामलाई राजीनामा दिनुहुदैन अथवा आफ्नो क्षतिपूर्तिको कुनै टुङ्गो नलागेसम्म कामलाई छोड्न हुदैन ।

## फौजदारी अभियोग

यदि रोजगारदाताले कामदारहरुको क्षतिपूर्ति सम्बन्धी नियम को कुनै नियमहरु उल्लंघन गरेमा, श्रम विभागले पर्याप्त प्रमाण जुटाएपछि यस अभियोगमा रोजगारदातालाई मुद्दा लगाउने विचार पुराउने छ ।

## सोधपुक्ष

- साधरण सोधपुक्ष: 2717 1771 (“1823” ले सम्हालेको)
- होमपेज ठेगाना: www.labour.gov.hk
- कर्मचारी क्षतिपूर्ति डिभिजनको कार्यालयहरूमा व्यक्तिगत रूपमा सोधपुछ गर्नु, सान्दर्भिक कार्यालयहरूको ठेगानाहरूको लागि कृपया श्रम विभाग वेबसाइटमा जानुहोस् (www.labour.gov.hk/eng/tele/ec.htm) ।

**(यो निर्देशिकाले सामान्य रुपमा कामदारहरुको क्षतिपूर्ति नियम (क्याप २८२) को मुख्य मुख्य कुराहरुको बारेमा चर्चा गर्दछ । यो कुरा विचारणिय छ कि यो कानूनले व्यवस्था गरेको कुराहरुको सम्बन्धमा यो नियमनै पुरै आधिकारिक हो ।)**

勞工處
Labour Department

11/2020